**वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुन:एकीकरण (रेमी) परियोजना**
**कार्य विवरण (Job Description)**

**पद : रोजगार परामर्शकर्ता** **सङ्ख्या:** १ (एक)

**कार्य क्षेत्र :** .......................उपमहा नगरपालिका/नगरपालिका/गाउँ पालिका, ......................

**सुपरभाइजर :** स्थानीय तह , श्रम तथा रोजगार शाखा प्रमुख /रेमी कार्यक्रम अधिकृत

**रिर्पोटिङ च्यानल:** स्थानीय तह , श्रम तथा रोजगार शाखा प्रमुख तथा प्राविधिक साझेदार संस्था (डिप्रोक्स नेपाल) मा रेमी परियोजना हेर्ने सुपरभाइजर र रेमी कार्यक्रम अधिकृत।

**काम तथा जिम्मेवारीहरु:**

- वैदेशिक रोजगारी बाट फर्केका ब्यक्तिहरुको तथ्यांक संकलन र आवश्यकता पहिचान गर्ने।
- वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूको स्वदेश फिर्ती र पुन:एकीकरण योजना (Return and Reintegration plan) तयार गर्न सहयोग गर्ने।
- वैदेशिक रोजगारी बाट फर्केका व्यक्ति वा परिवारका सदस्यहरु द्वारा तयार पारिएको स्वदेश फिर्ती र पुन:एकीकरण योजना (Return and Reintegration plan) ले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न परिवार परामर्शकर्ता र सामाजिक परिचालकहरुसंग समन्वय गरि कार्य गर्ने।
- श्रम तथा सेवा बजारको नक्शाँकन, बजार मागको अध्ययन र बैदेशिक रोजगारबाट फर्केकाहरुको प्रोफाइल तयार गर्ने।
- पुन:एकीकरणका सम्पूर्ण सेवा तथा क्रियाकलापहरु रोजगार सेवा केन्द्र मार्फत प्रदान गरिने हुँदा केन्द्रका सम्पूर्ण कर्मचारीहरु संग नजिकको समन्वयमा कार्य सम्पादन गर्ने।
- आवश्यकता अनुसार सिप तालिमको लागि सिफारिस गर्ने, फर्केकाहरूको सीप प्रमाणीकरण गर्न सहजीकरण गर्ने।
- पूंजी वृद्धि तथा व्यवसाय विस्तारका लागि वित्तीय संस्थाहरुसँगको पहुँचमा अभिवृद्धि गर्न सहजीकरण गर्ने।
- उद्यमशिलता संस्कारको बिकास, व्यवसायिक योजना निर्माण, उत्पादन तथा आय आर्जनसँग सम्वन्धित विषयमा काम गर्ने संघ संस्थाहरुसँग समन्वय तथा सम्पर्क स्थापित गर्नका लागि सहजिकरण गर्ने।
- स्थानीय तहमा पुन:एकीकरणको लागि वार्षिक योजना तयारी तथा कार्यान्वयनका लागि सहयोग गर्ने।
- फर्केका व्यक्ति तथा तिनका परिवारहरुकालाई स्थानीय तहद्वारा संचालित विशेष कार्यक्रमहरु मार्फत उद्यमी तथा स्वरोजगार हुन सहयोग पुर्याउने।
- फर्केका ब्यक्तिहरुकोलागी रोजगारदाताहरुसंगको पहुंचमा बृद्धि गर्ने।
- सम्बन्धित विकास समिति र शाखा उपशाखाहरुसंग पुन:एकीकरणको सवालमा समन्वय गरि कार्यक्रम संचालन गर्ने।

- सरोकारवाला संस्थाहरुसंग समन्वय गरि आर्थिक पुन: एकीकरण सम्बन्धि  कार्य  गर्ने ।
- आप्रवासी सहकारी, सङ्घ संस्था र सञ्जालहरुको क्षमता विकासको साथै वैदेशिक रोजगारमा रहेका व्यक्तिका परिवार तथा फर्किएका व्यक्तिको सञ्जाल निर्माण सम्बन्धी कार्य गर्ने ।
- स्थानीय तहमा निर्माण हुने पार्श्वचित्र, आवधिक योजना, पुनःएकीकरण सम्बन्धी नीति, कार्यविधि तथा कार्यान्वयन गर्न सहजीकरण गर्ने ।
- मासिक तथा  त्रैमासिक रुपमा  योजना तर्जुमा गर्ने, सो क्रियाकलाप तथा गतिविधिहरुको कार्यान्वयन गर्ने र  नियमित प्रतिवेदन तयार गरी सम्बन्धित पदाधिकारी समक्ष पेश गर्ने ।
- रोजगार सेवा केन्द्र, परिवार परामर्शकर्ता,  सामाजिक परिचालकहरुसंग आर्थिक तथा सामाजिक पुन एकीकरणको लागि समन्वय तथा सहकार्य गर्ने ।
- यस परियोजना सम्बन्धि भएका सकारात्मक परिवर्तनहरूको घटना अध्ययन तथा सफलता, सिकाईका कथाहरु तयार गर्ने ।
- पुन : एकीकरण अधिकृत र स्थानीय तहका सम्बन्धित अधिकारीले तोकेका अन्य कार्यहरु गर्ने तथा गराउने ।

**शैक्षिक योग्यता :**

मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तिर्ण गरी व्यावसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको।

**कार्यअनुभव:**

- वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ।
- सामाजिक क्षेत्रमा, व्यावसायिक र  रोजगार परामर्श कार्य गरेको अनुभव ।
- सरकारी तथा गैरसरकारी निकायहरु संग सहकार्य र समन्वय गर्न सक्ने ।
- कम्पुटर सम्बन्धि ज्ञान भएको । आफूले गरेका कामहरुको कम्पुटरमा अभिलेखिकरण गर्न सक्ने ।
- प्रष्ट सूचना प्रवाह गर्न सक्ने ।

## वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुन:एकीकरण (रेमी) परियोजना

### कार्य विवरण (Job Description)

**पद : परिवार परामर्शकर्ता** **सङ्ख्या:** १ (एक)

**कार्य क्षेत्र :** ........................उपमहा नगरपालिका/नगरपालिका/गाउँ पालिका

**सुपरभाइजर :** स्थानीय तह , श्रम तथा रोजगार शाखा प्रमुख /रेमी कार्यक्रम अधिकृत

**रिपोटिङ च्यानल:** स्थानीय तह , श्रम तथा रोजगार शाखा प्रमुख तथा साझेदार संस्था ( सी.एम.सी. नेपाल) को सुपरभाइजर र रेमी कार्यक्रम अधिकृत ।

**काम तथा जिम्मेवारीहरु:**

- वैदेशिक रोजगारी बाट फर्केका ब्यक्तिहरुको तथ्यांक संकलन र आवश्यकता पहिचान गर्ने ।
- वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूको स्वदेश फिर्ती र पुन:एकीकरण योजना (Return and Reintegration plan) तयार गर्न सहयोग गर्ने ।
- वैदेशिक रोजगारी बाट फर्केका व्यक्ति वा परिवारका सदस्यहरु द्वारा तयार पारिएको स्वदेश फिर्ती र पुनःएकीकरण योजना (Return and Reintegration plan) ले लिएको उद्देश्य परिपूर्ति गर्न रोजगार परामर्शकर्ता र सामाजिक परिचालकहरुसंग समन्वय गरि कार्य गर्ने ।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरू (महिला/पुरुष) तथा तिनका परिवारलाई समुदायस्तरमा तथा रोजगार सेवा केन्द्र मार्फत सामाजिक पुन:एकीकरण सम्बन्धि सूचना तथा परामर्श सेवा उपलब्ध गराउने ।
- पुन:एकीकरणका सम्पूर्ण सेवा तथा क्रियाकलापहरु रोजगार सेवा केन्द्र मार्फत प्रदान गरिने हुँदा केन्द्रका सम्पूर्ण कर्मचारीहरु संग नजिकको समन्वयमा कार्य सम्पादन गर्ने ।
- स्थानीय तह, प्रदेश सरकार तथा संघीय सरकारहरुका सामाजिक पुन:एकीकरण सम्बन्धि सेवाहरुको बारेमा वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरू तथा तिनका परिवारलाई जानकारी गराउने तथा सो सेवाहरुमा पहुँच अभिवृद्धि गर्न सम्बन्धित ठाउँमा सिफारिस गर्ने र फलोअप गर्ने ।
- फर्किएका व्यक्ति एवं तिनका परिवारहरुमा मनोसामाजिक समस्या भएकालाई भावनात्मक सहयोग प्रदान गर्ने र मनोसामाजिक परामर्श सेवाका लागि समन्वय तथा रिफर (सामी कार्यक्रम , एक द्वार संकट व्यवस्थापन केन्द्रमा (OCMC) गर्ने तथा फलो अप गर्ने ।
- फर्किएका व्यक्तिहरु मध्ये लैगिक हिंसामा परेका व्यक्तिहरुलाई सम्बन्धित निकायहरुमा सिफारिश गरि सेवा उपलब्ध गराउने ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको केस व्यवस्थापन गर्ने तथा सो को अभिलेखीकरण गर्ने ।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरू लाई स्वदेश भित्र पारिवारिक, सामाजिक एवं सांस्कृतिक रुपले पुन: एकिकरण गर्न स्थानीय तहमा रहेका सम्बन्धित सरोकारवालाहरु (स्थानीय स्वास्थ्य चौकी, अस्पताल, एक द्वार संकट व्यवस्थापन केन्द्र (OCMC), सेल्टर लगायत अन्य ) संग समन्वय, संयोजन र सहकार्य गरि सेवामा पहुँच वृद्धि गर्ने र त्यसको नियमित अनुशरण (Follow up) गर्ने ।

- स्थानीय तहमा निर्माण हुने पार्श्वचित्र, आवधिक योजना, पुनःएकीकरण सम्बन्धी नीति, कार्यविधि तथा कार्यान्वयन गर्न सहजीकरण गर्ने ।
- सूचना तथा परामर्शको कामको विवरण तथा प्रतिवेदन कार्यालयले तोकिएको ढाँचामा सवै केशहरु अनिवार्य अभिलेखीकरण गर्ने । सम्बन्धित निकायलाई प्रगति, समिक्षा तथा जानकारी आवश्यकता अनुसार गराउने ।
- जिल्लामा रहेको आप्रवासी स्रोत केन्द्र संग ठगी लगायतका उजुरीका वारेमा आवश्यक सहयोग सहजीकरणकालागि समन्वय गर्ने (विशेष गरेर अन्य सहयोगहरु जस्तै क्षतिपूर्ति, कानुनी सहयोग, विमा सहयोग, विदेशमा अप्ठ्यारो अवस्थामा भएका परिवारका सदस्यलाई स्वदेश ल्याउने आदि) ।
- व्यक्तिगत तथा पारिवारिक परामर्श सेवा दिएका सेवाग्राहीहरुको सम्पूर्ण जानकारीहरुको गोपनियता कायम गर्नु अनिवार्य हुनेछ ।
- प्रभावित व्यक्तिहरुमा बैदेशिक रोजगारका कारण विभिन्न आरोप र लाञ्छनालाई सामना गर्ने क्षमता विकास गर्न मद्दत गर्ने ।
- रोजगार सेवा केन्द्र, रोजगार परामर्शकर्ता, सामाजिक परिचालकहरुसंग आर्थिक तथा सामाजिक पुन:एकीकरणको लागि सहकार्य गर्ने ।
- परियोजनाले संचालन गर्ने क्रियाकलापहरुको प्रभावकारिताका लागि विभिन्न तहहरु बाट हुने अनुगमन/अध्ययन कार्य लाई सहजीकरण गर्ने
- मासिक तथा त्रैमासिक रुपमा योजना तर्जुमा गर्ने, सो क्रियाकलाप तथा गतिविधिहरुको कार्यान्वयन गर्ने र नियमित प्रतिवेदन तयार गरी सम्बन्धित पदाधिकारी समक्ष पेश गर्ने ।
- रोजगार सेवा केन्द्र, रोजगार परामर्शकर्ता , सामाजिक परिचालकहरुसंग आर्थिक तथा सामाजिक पुन एकीकरणको लागि समन्वय तथा सहकार्य गर्ने ।
- यस परियोजना सम्बन्धि भएका सकारात्मक परिवर्तनहरूको घटना अध्ययन तथा सफलता, सिकाईका कथाहरु तयार गर्ने ।
- पुन : एकीकरण अधिकृत र स्थानीय तहका सम्बन्धित अधिकारीले तोकेका अन्य कार्यहरु गर्ने तथा गराउने।

**शैक्षिक योग्यता :**

मान्यताप्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क, पब्लिक हेल्थ, बि.एड.स्वास्थ्य शिक्षामा स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको ।

**कार्यअनुभव:**

- सम्बन्धित विषयमा कार्य अनुभव भएको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ।

- कठिन मुद्दाहरुलाई स्वतन्त्र रुपमा व्यक्तिगत तथा समुदाय स्तरमा उठाउन तथा सम्बोधन गर्न सक्ने अनुभव भएको ।
- अन्य व्यक्तिहरुको भावनात्मक, सामाजीक, आर्थिक अवस्थाको बारेमा उत्सुकता, अन्य व्यक्तिहरुको भावनालाई महशुस गर्न सक्ने, अरुको कुरा धैर्यपूर्वक सुन्न सक्ने, विश्वसनीय ।
- आफूले गरेका कामहरुको कम्पुटरमा अभिलेखिकरण गर्न सक्ने ।
- सरकारी तथा गैरसरकारी निकायहरु संग सहकार्य र समन्वय गर्न सक्ने ।

# वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुन:एकीकरण (रेमी) परियोजना

## कार्य विवरण (Job Description)

| | |
|---|---|
| पद | : **सामाजिक परिचालक** |
| कार्यस्थल | : ......................उपमहा नगरपालिका/नगरपालिका/गाउँ पालिका |
| सुपरभाइजर | : परिवार परामर्शकर्ता र रोजगार परामर्शकर्ता |
| प्रतिवेदन पेश गर्नु पर्ने | : परिवार परामर्शकर्ता र रोजगार परामर्शकर्ता |

**काम तथा जिम्मेवारीहरु :**

१ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको पहिचान गर्ने तथा सामाजिक तथा आर्थिक पुन:एकीकरण सेवाका लागि रोजगार सेवा केन्द्रमा सिफारिस गर्ने ।

२ वैदेशिक रोजगारीको क्रममा समस्यामा परेका अपांगता भएका, शोषणमा परेका, लान्छना भोगेका, तथा मानसिक तनावमा रहेका व्यक्ति एवं मृतकका परिवारको पहिचान गर्ने र परिवार परामर्शकर्तालाई रिफर गर्ने ।

३ वैदेशिक रोजगारीबाट फर्केका र रहेका व्यक्तिको परिवारहरुको संजाल निर्माण गर्न सहजीकरण गर्ने ।

४ स्थानीय तहसँग आवश्यकतामा आधारित पुन:एकीकरण कार्यक्रमलाई प्रवर्द्धन गर्न योजना निर्माण तथा बजेट विनियोजनका लागि समन्वय गर्ने ।

५ स्थानिय स्तरमा रहेका सुरक्षित आप्रवासन कार्यक्रम साथै रोजगार र आय क्षेत्रका अन्य परियोजना, संघ संस्थाहरूसँग समन्वय गरी पुन:एकीकरण कार्यमा मद्दत गर्ने ।

६ सामाजिक परिचालन तथा सामुदायिक अभिमुखीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

७ परियोजना सञ्चालन भएका स्थानीय तह एवं वडाका विभिन्न समुदायमा आधारित समूहहरु, विद्यालय, क्लव तथा अन्य सम्वन्धितलाई पुन:एकीकरण सँग सम्बन्धित सूचना र सेवाको वारेमा नियमित जानकारी तथा सचेतकिरण गर्ने ।

८ परियोजना संचालन भएका स्थानीय तह एवं वडाहरुमा सूचना सामग्रीहरु वितरण गर्ने ।

९ परियोजनाका क्रियाकलापहरु संचालन गर्नकालागि स्थानीय तह, वडा र स्थानीय सरोकारवालाहरुसँग समन्वय गर्ने ।

१० स्थानीय तह एवं वडा स्तरमा सामाजिक तथा आर्थिक पुन:एकीकरण सम्बन्धि कार्यक्रमको गतिविधिहरुलाई समाहित गर्न योजना तर्जुमा प्रकृयामा संलग्न भई पुन:एकिकरणको लागि बजेट विनोयोजन गर्न सहयोग गर्ने ।

११ मासिक, त्रैमासिक र कार्यक्रम गतिविधिहरुको प्रतिवेदन कार्यक्रमले तोकिएको अधिकारीलाई पेश गर्ने ।

१२ सरल र सहज सेवा प्रवाहका लागि रोजगार सेवा केन्द्रसँग सहकार्य गर्ने ।

१३ तोकिए बमोजिम अन्य कार्यक्रमहरु सञ्चालन गर्ने ।

**आवश्यक योग्यता, कार्य अनुभव र क्षमता :**

**शिक्षा :** -मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण गरी वैदेशिक रोजगारीबाट फर्केको।

**अनुभव तथा क्षमताहरु :**

- स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ।
- सामाजिक, आर्थिक, संस्कृतिक र राजनीतिक तथा वैदेशिक रोजगारको सवालहरुको बारेमा बुझाई भएको।
- समूह गठन, परिचालन तथा समूह सहजीकरण सम्बन्धि अनुभव भएको ।
- तालिम तथा छलफलहरुको व्यवस्थापन र सहजीकरण गर्न सक्ने ।

## वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण (रेमी) परियोजना

## रोजगार परामर्शकर्ता पाठ्यक्रम

**क) सेवासम्बन्धी :**

1. नेपालको संविधान, २०७२, भाग-३ (मौलिक हक सम्बन्धि व्यवस्था)
2. नेपालको संविधान, २०७२ अनुसूची -५,६,७,८ र ९
3. वैदेशिक रोजगार ऐन, २०६४
4. वैदेशिक रोजगार नियमावली २०६४
5. रोजगारीको हक सम्बन्धि ऐन, २०७५ र रोजगारीको हक सम्बन्धि नियमावली, २०७५
6. स्थानीय सरकार सञ्चालन ऐन २०७४ (परिच्छेद (३) दफा ११ को उपदफा २ (थ)
7. वैदेशिक रोजगारीबाट फर्केका ब्यक्तिको लागि पुनः एकिकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९
8. आप्रवासन चक्र तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिकालागि पुनः एकिकरण सवाल
9. स्थानीय तहमा सञ्चालित आयआर्जन तथा रोजगारसँग सम्बन्धित कार्यक्रम (प्रधामन्त्री रोजगार कार्यक्रम, सुरक्षित अप्रवासन (सामी) कार्यक्रम, मेडपा कार्यक्रम, घरेलु तथा साना उद्योग कार्यालयको सीप विकास तथा उद्यमशिलता कार्यक्रम आदी) वारेमा जानकारी ।
10. स्थानीय तहको बजेट तथा योजना तर्जुमा प्रक्रिया (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५)
11. सम्बन्धित जिल्ला तथा स्थानीय तहका भौगोलिक, सांस्कृतिक, एतिहासिक, राजनीतिक तथा समसामयिक विषयबस्तु ।

**ख) प्रयोगात्मक सम्बन्धी :**

१. Computer office package (MS-Word, Excel, and PowerPoint presentation)
२. Email and Internet skill.

**ग) थप जानकारीका लागि निम्न वेवसाईटहरु हेर्नुहोस् ।**

www.moless.gov.np
www.feb.gov.np

**वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण (रेमी) परियोजना**
**परिवार परामर्शकर्ता पाठ्यक्रम**

**क) सेवासम्बन्धी :**

1. नेपालको संविधान, २०७२, भाग-३ (मौलिक हक सम्बन्धि व्यवस्था)
2. नेपालको संविधान, २०७२ अनुसूची ५,६,७,८ र ९
3. वैदेशिक रोजगार ऐन, २०६४
4. वैदेशिक रोजगार नियमावली २०६४
5. रोजगारीको हक सम्बन्धि ऐन, २०७५ र रोजगारीको हक सम्बन्धि नियमावली, २०७५
6. स्थानीय सरकार सञ्चालन ऐन २०७४ (परिच्छेद (३) दफा ११ को उपदफा २ (थ)
7. वैदेशिक रोजगारीबाट फर्केका ब्यक्तिको लागि पुनः एकिकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९
8. आप्रवासन चक्र तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिकालागि पुनः एकिकरण सवाल
9. स्थानीय तहमा तथा जिल्लामा सञ्चालित आधारभुत स्वास्थ्य, मानसिक स्वास्थ्य र मनोसामाजिक सेवासम्बन्धी सम्बन्धित कार्यक्रम वारेमा जानकारी ।
10. नेपालमा आधारभुत स्वास्थ्य, मानसिक स्वास्थ्य र मनोसामाजिक सेवासम्बन्धी व्यवस्थाहरु ।
11. स्थानीय तहको बजेट तथा योजना तर्जुमा प्रक्रिया (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५)
12. सम्बन्धित जिल्ला तथा स्थानीय तहका भौगोलिक, सांस्कृतिक, एतिहासिक, राजनीतिक तथा समसामयिक विषयबस्तु ।

**ख) प्रयोगात्मक सम्बन्धी :**

१. Computer office package (MS-Word, Excel, and Power Point presentation)
२. Email and Internet skill.

**ग) थप जानकारीका लागि निम्न वेवसाईटहरु हेर्नुहोस् ।**

www.moless.gov.np, www.feb.gov.np

## वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण (रेमी) परियोजना
## सामाजिक परिचालक पाठ्यक्रम

**क) सेवासम्बन्धी :**

1. स्थानीय सरकार सञ्चालन ऐन २०७४ (परिच्छेद (३) दफा ११ को उपदफा २ (थ)
2. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकिकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९
3. आप्रवासन चक्र तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिकालागि पुनः एकिकरण सवाल
4. सामाजिक परिचालन, समाजिक लागत, विप्रेषण र यसको उपयोग
5. सम्बन्धित जिल्ला तथा स्थानीय तहका भौगोलिक, सांस्कृतिक, एतिहासिक, राजनीतिक तथा समसामयिक विषयबस्तु ।

**ख) प्रयोगात्मक सम्बन्धी :**

१. आफ्नो वैदेशिक रोजगारीबाट फर्केर आउँदा आफुले भोगेका चुनौती तथा अनुभव अभिव्यक्त गर्ने सम्बन्धी।

२. Android mobile मा बैदेशिक रोजगारी Mobile application इन्स्टल तथा प्रयोग सम्बन्धी।

**ग) थप जानकारीका लागि निम्न वेवसाईटहरु हेर्नुहोस् ।**

www.moless.gov.np, www.feb.gov.np